# बेष्ट फाईनान्स कम्पनी लिमिटेडको
# सताईसौ वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माईन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन , २०६३ र संस्थाको नियमावली बमोजिम सताईसौ वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूको सभापतित्वमा तपसिलमा उल्लेखित मिति ,समय र स्थानमा बसी देहायको विषय उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२) सभाको मिति,स्थान र समय :**

**मिति** : २०८१ साल कार्तिक १४ गते बुधवार (तदनुसार ३० अक्टोवर २०२४ )

**स्थान** : नेपाल प्रज्ञा प्रतिष्ठान , कमलादी, काठमाडौं ।

**समय** : विहान ११.०० बजे ।

**३) सभा सम्बन्धि सूचना :**

यस संस्थाको मिति २०८१ असोज २२ गते बसेको संचालक समितिको ५९१ औं बैंठकको निर्णय बमोजिम संस्थाको २७ औं बार्षिक साधारण सभा मिति २०८१ कार्तिक १४ गते (तद्नुसार ३० अक्टोवर्र, २०२४) बुधवार बस्ने बारेको सूचना, छलफलका बिषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु कम्पनी ऐन ,२०६३ को दफा ६७ तथा संस्थाको नियमावली बमोजिम २१ दिन अगावै मिति २०८१ असोज २३ गते "कारोवार" राष्ट्रिय दैनिक तथा मिति २०८१ असोज ३० गतेको "अन्नपूर्ण" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७९/०८० को बार्षिक वित्तीय विवरण (२०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. आ.व.२०८०/८१ को बाह्रय लेखापरीक्षण गर्नको लागि S.A.R Associates, Chartered Accountants वाह्य लेखापरिक्षकमा नियुक्ती भएकोमा निजको नियुक्ती तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने

४ संचालक समितिवाट रिक्त रहेको पदमा वांकी कार्यकालका लागि गरिएको २ जना संचालकको नियुक्तीलाई अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताव

१। संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

२। वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायवाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम आवश्यक हेरफेर संशोधन परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३। यस बित्तीय संस्थाले भबिष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) बिबिध

५) सभामा उपस्थिति :

**५.१ सञ्चालकहरुको उपस्थिति (कम्पनी ऐन , २०६३ को दफा ६८ बमोजिम तथा दफा ६८(२) बमोजिम संचालक लक्ष्मी श्रेष्ठ विशेष कारणवश साधारण सभामा उपस्थित हुन असमर्थ रहेकोले भिडियो कन्फरेन्स मार्फत उपस्थिति**

| | |
|---|---|
| १) श्री खिमलाल पौड्याल | अध्यक्ष |
| २) श्री लक्ष्मी श्रेष्ठ | संचालक |
| ३) श्री राम कृष्ण चौलागाई | संचालक |
| ४) श्री राम चन्द्र देवकोटा | संचालक |
| ५) श्री श्रीराम श्रेष्ठ | संचालक |
| ६) श्री रामजी गौतम | संचालक |
| ७) बौद्ध राज अर्याल | स्वतन्त्र संचालक |

**५.२ पर्यवेक्षक ,आमन्त्रितहरुको उपस्थिति :**

१) श्री अरुण पौड्याल – कानुनी सल्लाहकार

२) श्री सुनिल अधिकारी – वाह्य लेखापरिक्षक (एस.ए.आर.एशोशियटस चार्टर्ड कम्पनी )

**५.३ पदाधिकारीहरुको उपस्थिति :**

१. श्री उमेश सिंह भण्डारी प्रमुख कार्यकारी अधिकृत

२. श्री शैलेन्द्र बादे श्रेष्ठ सहायक महाप्रबन्धक

३. श्री शरद उपाध्याय वरिष्ठ प्रबन्धक

४. श्री खगेन्द्र सिग्देल वरिष्ठ प्रबन्धक

५. श्री राज सुन्दर श्रेष्ठ कम्पनी सचिव

**५.४ शेयरधनीहरुको उपस्थिति :**

१) स्वयम उपस्थित : १०५ जना

२) प्रतिनिधिद्धारा उपस्थित : ८० जना

३) जम्मा उपस्थिति शेयरधनी संख्या : १८५

**६ सभाको गणपुरक संख्या -कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम :**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधीद्धारा उपस्थित | जम्मा उपस्थित | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा शेयर संख्या | ८९०४२४२ | २२९५४७० | २६५७११५ | ४९५२५८५ | ५५.६२ % |
| जम्मा शेयरधनी | १८४२६ | १०५ | ८० | १८५ | |

**७.सभाको बैधानिकता :**

७.१ साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले संस्था तथा आफनो तर्फवाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन २०६३ र संस्थाको नियमावली तथा प्रचलित कानुन बमोजिम संस्थाको सताईसौ वार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

७.२. सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ र संस्थाको नियमावली बमोजिम साधारणसभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी संस्थाका कानुनी सल्लाहकार श्री अरुण पौड्यालले सभामा जानकारी गराउनु भयो ।

७.३ गणपुरक संख्या पुगेका हुँदा सभा रीतपूर्वक बोलाईएको सभा गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय उपर छलफल गर्न मन्जुर गरियो ।

८.सभाको बैधानिकता एकीन भएपछि कम्पनी ऐन २०६३ को दफा ६९ को उपदफा २ र संस्थाको नियमावली बमोजिम संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूलाई संस्थाको यस सताईसौ वार्षिक साधारणसभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो । र संस्थाको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।



BEST FINANCE COMPANY

९.स्वागत मन्तब्य :

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री उमेश सिंह भण्डारीज्यूले सभामा उपस्थित शेयरधनीहरु, अतिथि एवम आमन्त्रीत व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

**१०.सभा सन्चालन र संचालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदनको प्रस्तुती :**

**१०.१ संस्थाका आधारभुत शेयरधनी तथा गैह्र आवासीय नेपाली संघका अभियन्ता श्री राजेन्द्र कुमार शर्मा तथा रोविन्द प्रसाद श्रेष्ठ**ले संयुक्त रुपमा पानसमा दीप प्रज्वलन गर्दै सभाको बिधिवत उद्‌घाटन गरीयो ।

१०.२ संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन २०७९/८० साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.३** सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.४** आ.व.२०८०/८१ को बाह्रय लेखापरीक्षण गर्नको लागि S.A.R Associates, Chartered Accountants वाह्य लेखापरिक्षकमा नियुक्ती भएकोमा निजको नियुक्ती तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०.५ संचालक समितिवाट रिक्त रहेको पदमा वांकी कार्यकालका लागि गरिएको २ जना संचालकको नियुक्तीलाई अनुमोदन गन प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**(ख) विशेष प्रस्ताव अर्न्तगत**

**१०.६** संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

| साविकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|
| दफा ५<br><br>घ) वित्तीय संस्थाले जारी पूंजीको ३८.५८ प्रतिशत सर्वसाधारणको लागि छुट्याएको छ ।<br><br>ङ) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६१.४२ प्रतिशतको हुनेछ । | दफा ५<br><br>घ) वित्तीय संस्थाले जारी पूंजीको ४८.५८ प्रतिशत सर्वसाधारणको लागि छुट्याएको छ ।<br><br>ङ) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१.४२ प्रतिशतको हुनेछ । | बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९ उपदफा ४ बमोजिम मिलाउन |



BEST FINANCE COMPANY LTD. BFC

## नियमावली संशोधनको तिनमहल

| साविकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|
| **नियम ८ (२)**<br>यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ । | **नियम ८ (२)**<br>यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ । | बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९ उपदफा ४ बमोजिम मिलाउन |
| क) संस्थापक समूहका शेयरधनीहरुवाट मनोनित वा निर्वाचित ४ जना | क) संस्थापक समूहका शेयरधनीहरुवाट मनोनित वा निर्वाचित ३ जना | बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९ उपदफा ४ बमोजिम मिलाउन |
| ख) सर्वसाधारण समूहका शेयरधनीहरुवाट निर्वाचित २ जना | ख) सर्वसाधारण समूहका शेयरधनीहरुवाट निर्वाचित ३ जना | |
| ग) संचालक समितिले नियुक्त गर्ने स्वतन्त्र संचालक १ जना | ग) संचालक समितिले नियुक्त गर्ने स्वतन्त्र संचालक १ जना | |
| **नियम २९**<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता देहाय बमोजिम हुनेछ । | **नियम २९**<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता देहाय बमोजिम हुनेछ । | |
| अ)अध्यक्ष र सञ्चालकको प्रति बैठक भत्ता क्रमश : रु.४,०००।०० र रु.३,५००।०० हुनेछ । | अ)अध्यक्ष र सञ्चालकको प्रति बैठक भत्ता क्रमश : रु.१२,०००।०० र रु.१०,०००।०० हुनेछ । | |
| इ) पत्रपत्रिका खर्च वापत मासिक रु.१,५००।०० हुनेछ । | इ) पत्रपत्रिका/ईन्टरनेट/मोवाईल महशुल खर्च वापत मासिक रु.६,०००।०० हुनेछ । | |

१०.७ वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायवाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम आवश्यक हेरफेर संशोधन परिमार्जन गर्ने संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

१०.८ यस बित्तीय संस्थाले भबिष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

११.साधारणसभामा शेयरधनीहरुको निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्धारा प्रस्तुत प्रस्तावहरु समेतमा छलफलको लागि मन्तव्य , विचार ,जिज्ञासा तथा सुझाव राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

**११.१ छलफलमा सहभागी हुने शेयरधनीहरु :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा ७ जना शेयरधनीहरु स्वयंम उपस्थित भई तथा ६ जना शेयरधनीले लिखित रुपमा संस्थाको काम,कारवाही, वार्षिक हरहिसाव तथा वार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेका छ ।

१. राजेन्द्र कुमार शर्मा ,२. रोविन्द प्रसाद श्रेष्ठ,३. शत्रुघन श्रेष्ठ,४. श्री ईन्द्र कृष्ण श्रेष्ठ,५. श्री रोज कुमार श्रेष्ठ

६. कृष्ण प्रसाद अधिकारी ,७. श्री निरुपमा गुप्ता

**१२. शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरुको संक्षिप्त विवरण :**

१। संस्थाले लामो समय सम्म प्रतिफल दिन नसकेकोले प्रतिफल प्राप्त गर्ने दिशामा व्यवस्थापन लाग्नु पर्ने देखिन्छ ।

२। निस्कृय खराव कर्जा घटाउन सफल भएकोमा खुशी व्यक्त गर्दै निष्कृय कर्जा बढन नदिने रणनिती बनाउन आवश्यक रहेको देखिन्छ ।

३। कर्जा लगानी विस्तार गर्न आवश्यक देखिन्छ ।

४। संस्थाको गैह्र बैकिङ्ग सम्पति छिटो लिलाम विक्री गरी घटाउन पर्ने । साधारण सभा ढिला भएको र आगामी साधारणसभा समयमै हुने आशा व्यक्त ।

५। संस्थाले मर्जमा जांदा सवल कम्पनी तथा आपनो स्तर अनुसारको संस्थासंग Merger मा जान उपयुक्त हुने ।

६। संस्थाको गैह्र बैकिङ्ग सम्पति छिटो लिलाम विक्री गरी घटाउन पर्ने र मिलनचोक , वुटवलको भवन विक्री गर्नु पर्ने ।

७। अघिल्लो वर्ष भन्दा कारोवार वृद्धि गर्न सफल भएकोमा खुशी लाग्यो ।

८। संस्थाले अघिल्लो वर्ष भन्दा यो वर्ष खर्च घटाउनु भएको राम्रो पक्ष देखिन्छ ।

९। कम्पनीको भावी योजना सहित लांभाश वितरण दिने वातावरण तयार गर्नु पर्यो ।

१०। संस्थाको EPS अघिल्लो वर्ष भन्दा घटेको देखिन्छ यसलाई सुधार गर्नु पर्ने देखिन्छ ।

११। वाह्य राष्ट्रिय तथा अन्तराष्ट्रिय कारण हुने जोखिमको सामना गर्न योजना तयार गर्न पर्ने ।

**१३.सभापतिज्यूले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावले प्रस्तुत गर्नु भएका मन्तव्य,जिज्ञासा,अमूल्य सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले वार्षिक प्रतिवेदनमा शेयरधनी महानुभावहरुले संस्थाको हितको लागि आफनो अमूल्य सुझावहरु दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै शेयरधनी महानुभावहरुले दिनुभएका सुझावहरु स्वागत योग्य रहेको र उक्त सुझावहरुलाई आत्मसाथ गर्दै शेयरधनीहरुको सल्लाह मनन गर्दै आगामी वर्षहरुमा क्रमश सुधार गर्दै लैजान प्रयत्न गर्ने सभालाई जानकारी गराउनुभयो ।

**अध्यक्षज्यूको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको जवाफ :**

- संस्थाको २७ औ वार्षिक साधारणसभा विशेषकारणवश ढिलो भएकोमा आगामी साधारण सभा समयमै गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । सभामा आफनो अमूल्य सल्लाह सुझाव दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद तथा प्राप्त सुझावहरुलाई व्यवहारमा लागु गर्दै जाने जानकारी गराउनुभयो ।
- संस्थाको गैह्र बैकिङ्ग सम्पतिलाई छिटोभन्दा छिटो लिलाम विक्री मार्फत कम गर्दै लैजाने र आगामी वर्ष संस्थाको मिलनचोक स्थित भवन विक्री गर्ने योजना जानकारी गराउनुभयो ।
- संस्थाको खराव निस्कृय कर्जा घटाउन सफल भएको र राष्ट्र बैकको निती अर्न्तगत रही निस्कृय कर्जा बढन नदिने पहल गरीने कुरा जानकारी गराउनु भयो ।
- संस्था मर्जर गर्न पर्ने अवस्थामा संस्थाको हितलाई प्राथमिकता राखिने जानकारी दिनुभयो ।
- संस्थाले आगामी दिनमा संचालन घाटा घटाउदै लैजानै तथा शेयरधनीहरुलाई लांभाश वितरण गर्नको लागि आवश्यक प्रयत्न गर्ने जानकारी गराउनु भयो ।

**१४.सभाको निर्णयहरु :**

सभापतिज्युले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

१। यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७९/०८० को सन्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

**सभाको निर्णय :** यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७९/०८० को सन्चालक समितिको प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।



BEST FINANCE COMPANY LTD. BFC

२। सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभाको निर्णय :** लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७९/०८० को बार्षिक वित्तीय विवरण ( २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

३। आ.व.२०८०/८१ को बाह्रय लेखापरीक्षण गर्नको लागि S.A.R Associates, Chartered Accountants वाह्य लेखापरिक्षकमा नियुक्ती भएकोमा निजको नियुक्ती तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभाको निर्णय :** यस संस्थाको लेखा परिक्षण समितिको बैठकवाट सिफारिश भए बमोजिम मिति २०८१/०३/२० गते बसेको संचालक समितिको निर्णयवाट आर्थिक वर्ष आ.व २०८०/०८१ को वाह्य लेखा परिक्षण गर्नको लागि साविक कै लेखापरिक्षक श्री एस.ए.आर.एशोशियटस , चार्टड एकाउन्टेन्टलाई बाह्रय लेखापरीक्षण गर्नको लागि साविक कै पारीश्रमिक रु.४,७२,३४०।०० (चार लाख वहत्तर हजार तिन सय चालिस रुपैया मात्र) (भ्याट सहित) सहित भुक्तानी गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयवाट स्विकृति लिई नियुक्ति गरिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

४। संचालक समितिवाट रिक्त रहेको पदमा वांकी कार्यकालका लागि गरिएको २ जना संचालकको नियुक्तीलाई अनुमोदन गन प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभाको निर्णय :**संचालक समितिवाट यस संस्थाको रिक्त संस्थापक समूहको संचालक पदमा श्री रामजी गौतम तथा स्वतन्त्र संचालक पदमा श्री बौद्ध राज अर्याल लाई वांकी कार्यकालका लागि गरिएको नियुक्तीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्ताव

१। संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

**सभाको निर्णय :**संस्थाको प्रवन्धपत्रको दफा ५ को (घ) र (ङ) संशोधन गरी संस्थाको शेयर संरचना अर्न्तगत सर्वसाधारण समूहलाई ४८.५८ प्रतिशत तथा संस्थापक ५१.४२ प्रतिशत कायम गर्ने गरी प्रवन्ध पत्र संशोधन गर्ने तथा नियमावलीमा **नियम ८ (२) को संचालक पदमा** संस्थापकवाट ३ जना र सर्वसाधारण समूह वाट ३ जना तथा स्वतन्त्र संचालक १ जना गरी ७ जनाको संचालक समिति कायम गर्ने र **नियम २९ संशोधन गरी** अध्यक्ष र सञ्चालकको प्रति बैठक भत्ता क्रमश : रु.१२,०००।०० र रु.१०,०००।०० तथा पत्रपत्रिका/ईन्टरनेट/मोवाईल महशुल खर्च वापत मासिक रु.६,०००।०० प्रदान गर्ने गरी संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने निर्णय पारित गरियो ।

२। वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायवाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम आवश्यक हेरफेर संशोधन परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**सभाको निर्णय :** वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायवाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम आवश्यक हेरफेर संशोधन परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३। यस बित्तीय संस्थाले भबिष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**सभाको निर्णय :** यस बित्तीय संस्थाले भबिष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) विविध :**

यस सताईसौ वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं "ग" मा रहेको बिबिध शिर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१६.सभा विसर्जन :**

तत्पश्चात सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले सभा संचालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद गर्नुको साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सवैलाई बधाई दिनुहुदै १:०० बजे संस्थाको सताइसौ वार्षिक साधारणसभा विर्सजन भएको घोषणा गर्नु भयो ।